# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) हेटौंडा, नेपाल, पुस २९ गते, २०८१ साल (सङ्ख्या २६

## भाग ३

## बागमती प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

### हेटौंडा, नेपालको

## सूचना

## अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

**प्रस्तावनाः** प्रदेशभित्र स्थायी रूपमा बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरणका लागि उद्यमशीलता, स्वावलम्बन र सीपमूलक

तालिम मार्फत स्वरोजगार एवम् आत्मनिर्भर बनाउन सहयोग गर्ने उद्देश्यले सञ्चालन हुने अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण कार्यक्रमलाई सरल, सहज र प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्देश्यले,

बागमती प्रदेश सरकारले प्रदेश सुशासन ऐन, २०७७ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अपाङ्गता" भन्नाले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्वन्धि ऐन, २०७४ ले परिभाषा गरेबमोजिम बागमती प्रदेशभित्र स्थायी बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिलाई सम्झनु पर्छ।

(ख) "अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण कार्यक्रम" भन्नाले अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरणका लागि मन्त्रालयले सञ्चालन गरेको सीपमूलक तालिम, उद्यमशीलता प्रवर्द्धन,

आयआर्जन र बजारीकरण लगायतको कार्यक्रमलाई सम्झनु पर्छ।

(ग) "प्रदेश" भन्नाले बागमती प्रदेश सरकारलाई सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकारको सामाजिक विषय हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ।

(ङ) "स्थानीय तह" भन्नाले बागमती प्रदेशभित्र रहेका गाँउपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनु पर्छ।

(च) "सीपमूलक तालिम" भन्नाले आय आर्जनका लागि विशेष सीप र दक्षता अभिवृद्धिका लागि प्रशिक्षण गरी व्यावसायिक क्षमतामा वृद्धि गर्न प्रदान गरिने तालिमलाई सम्झनु पर्छ।

(छ) "वडा" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका अन्तगर्तको वडालाई सम्झनु पर्छ।

## परिच्छेद- २

## कार्यक्रमको उद्देश्य, लक्षित वर्ग र सहभागी छनोटको आधार

३. **उद्देश्यः** (१) यस कार्यक्रमको प्रमुख उद्देश्य प्रदेशभित्र स्थायी बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण गर्दै जीविकोपार्जन र आयआर्जन बाट आत्मनिर्भर बनाउन सहयोग गर्नु हो।

(२) कार्यक्रमका अन्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन्ः-

(क) अपाङ्गता भएका व्यक्तिहरुको लागि स्वरोजगार तथा उद्यमशीलता प्रवर्द्धनमार्फत विकासको मूलधारमा ल्याउन सहयोग गर्नु,

(ख) उद्यमशीलता र सशक्तीकरणको माध्यमबाट अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक तथा सामाजिक रुपान्तरण गर्नु,

(ग) अपाङ्गता भएका व्यक्तिहरुको नेतृत्व विकासको लागि क्षमता अभिवृद्धि गर्नु।

४. <u>**लक्षित वर्गः**</u> यस कार्यक्रमको लक्षित वर्ग बागमती प्रदेशभित्रका अपाङ्गता भएका व्यक्तिहरू हुनेछन्।

५. <u>**सहभागी छनोटको आधारः**</u> कार्यक्रममा सहभागी हुन आवेदन पेस गर्ने अपाङ्गता भएका व्यक्तिहरुले देहाय बमोजिमको आधारहरू पूरा गरेको हुनुपर्नेछः-

(क) प्रदेशभित्र स्थायी बसोबास भएको हुनु पर्नेछ।

(ख) अन्य कुनै क्षेत्रमा स्थायी, अस्थायी वा करार सेवामा कार्यरत नभएको हुनुपर्नेछ।

(ग) २० देखि ५० वर्ष उमेर भित्रको हुनुपर्नेछ।

(घ) दफा ६ मा उल्लिखित व्यवसायका क्षेत्रहरू मध्ये कुनै एक क्षेत्रको कार्यक्रममा सहभागी हुने गरी

आवेदन पेस गरेको र सम्बन्धित स्थानीय तहबाट सिफारिस भएको हुनुपर्नेछ।

(ङ) सहभागी छनोट गर्दा देहायको प्राथमिकताक्रम अनुसार छनोट गर्नुपर्नेछः-

(१) अपाङ्गता भएका महिला

(२) विपन्न दलित, सिमान्तकृत, लोपोन्मुख र अल्पसङ्ख्यक समुदायका अपाङ्गता भएका व्यक्तिहरु

(३) इच्छुक बेरोजगार र आर्थिक रुपले विपन्न अपाङ्गता भएका व्यक्तिहरु

(४) अपाङ्गता भएका १० वटै क्षेत्रका व्यक्तिहरू।

## परिच्छेद- ३

## कार्यक्रम, विषयक्षेत्र र तालिमको प्रकार एवम् स्वरुप

६. **अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण कार्यक्रमः** (१) यस कार्यक्रम अन्तर्गत चेतना अभिवृद्धि कार्यक्रम, शिक्षा, सीपमूलक तालिम वा उद्यमशीलता, सीप परिक्षण, बिउ पुँजी/प्रविधि हस्तान्तरण व्यवसायबाट उत्पादित सामग्रीहरूको बजारीकरणको व्यवस्था समेत हुनेछ। यो कार्यक्रमले अपाङ्गता भएका व्यक्तिहरुको कानूनी, सामाजिक, राजनीतिक र आर्थिक पक्षमा सशक्तीकरण गरी आत्म निर्भर बनाउन जोड दिनेछ।

(२) कार्यक्रम कार्यान्वयनका लागि अपाङ्गता भएका व्यक्तिहरुको प्रोफाइल विकास, आवश्यकता पहिचान, अपाङ्गता क्षेत्रको अनुसन्धान, शैक्षिक सामग्री वितरण, सहायक सामग्री उत्पादन, मर्मत तथा वितरण, उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति, सीपमूलक तालिम वा उद्यमशीलता सम्बन्धी तालिम, सीप परिक्षण र बिउ पुँजी/प्रविधि हस्तान्तरण लगायतका कार्यहरु गर्नु पर्नेछ।

(३) कार्यक्रममा सहभागी अपाङ्गता भएका व्यक्तिहरुले आफ्नो व्यवसायबाट उत्पादित सामग्रीहरुको बजारीकरणका लागि समन्वय, सहजीकरण र सञ्चालन गर्ने व्यवस्था समेत यस कार्यक्रम भित्र रहनेछन्।

(४) प्राविधिक कार्य तथा सीपमूलक तालिम सञ्चालनको लागि सम्बन्धित विषय क्षेत्रका प्रशिक्षकहरुलाई रोष्टर सूची मार्फत सहजकर्ताको रूपमा परिचालन गरिनेछ। सीपमूलक तालिम मन्त्रालय अन्तर्गतका प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् मातहतका शिक्षालय वा सामाजिक विकास कार्यालय वा अन्य निजी तालिम प्रदायक संस्थाहरु मध्येबाट सञ्चालन गर्न सकिनेछ। यसै गरी सीपमूलक तालिम लिइएका प्रशिक्षार्थीहरुको सीप परिक्षणको व्यवस्थाका लागि आवश्यक समन्वय र व्यवस्थापकीय पक्षमा मन्त्रालयबाट सहजीकरण हुनेछ।

(५) कार्यक्रममा छनोट भएका संस्थाले अपाङ्गता भएका व्यक्तिहरुको लागि आवश्यकता अनुसार सञ्चालन हुने शिक्षा, सीपमूलक तालिम वा उद्यमशीलता सम्बन्धी तालिम, सीप परीक्षण, बिउ पुँजी/प्रविधि हस्तान्तरण लगायतका कार्यहरू स्थानीय तहसँगको समन्वयमा मन्त्रालय, सामाजिक विकास कार्यालय र गैरसरकारी संस्थाहरूसँगको सहकार्य एवम् समन्वयमा सञ्चालन गरिने छ।

७. **<u>तालिम तथा व्यवसायको विषयक्षेत्रः</u>** (१) कार्यक्रममा सहभागी हुने अपाङ्गता भएका व्यक्तिहरुले देहायबमोजिम क्षेत्रमा सीपमूलक तालिम लिई व्यवसाय सञ्चालन गर्न सक्नेछः-

(क) लघु उद्यमसँग सम्बन्धित पेशा तथा व्यवसाय,

(ख) व्यूटिसियन सम्बन्धी व्यवसाय,

(ग) पराल एवम् बेतबाँसजन्य सामग्री निर्माण सम्बन्धी व्यवसाय,

(घ) घरेलु उद्योगसँग सम्बन्धित व्यवसाय,

(ङ) निर्माण, कृषि, सेवा, विद्युतीय वायरिङ, हस्तकला, होटल तथा तयारी पोशाक, खाद्य सामग्री प्रशोधन र सूचना र प्रविधिका क्षेत्रसँग सम्बन्धित

(च) स्थानीय परिवेश अनुसार सान्दर्भिक पेशा र व्यवसाय (स्थानीय तहले सिफारिस गरेका)

(छ) अपाङ्गता भएका व्यक्तिहरुको आवश्यकता पहिचानबाट प्राप्त अन्य विषय क्षेत्र।

८. **तालिमको प्रकार र स्वरुपः** (१) दफा ७ बमोजिमको विषयक्षेत्र अन्तर्गतको व्यावसायिक तालिम कम्तिमा पन्ध्र दिन देखि तीन महिनासम्मको हुनेछ। कुनै तालिमको विषयवस्तु पन्ध्र दिन भन्दा कम हुने भएमा सोही समूहलाई उद्यमशीलता सम्बन्धी तालिम सञ्चालन गरी पन्ध्र दिन सम्म सञ्चालन गर्नु पर्नेछ।

(२) अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी अपाङ्गताको प्रकारका आधारमा प्रति समूह बीस देखि तीस जना सम्मको समूह बनाइ तोकिएको विषय क्षेत्रमा तालिम सञ्चालन गर्नु पर्नेछ।

(३) तीन महिनाको तालिम पूरा गरेका अपाङ्गता भएका व्यक्तिहरुको लागि सीप परीक्षण गर्ने व्यवस्था गर्नु पर्नेछ।

(४) तालिम पूरा गरी व्यवसाय गर्न इच्छुक अपाङ्गता भएका व्यक्तिहरुले आफूले गर्न चाहेको व्यवसायको सम्बन्धित स्थानीय तहमा दर्ता गरेपछि मात्र उक्त व्यवसायको बैंक खातामा बिउ पुँजीको रुपमा दश हजार रुपैयाँ वा प्रविधि हस्तान्तरण गर्नुपर्नेछ।

(५) अपाङ्गता भएका व्यक्तिहरुले उत्पादन गरेका सामग्रीहरूको खरिद गरी बिक्री वितरण गर्नका लागि कार्यक्रम सञ्चालन भएको स्थानीय तह एवम् अन्य सङ्घ संस्थाहरुसँगको

सहकार्यमा उत्पादन तथा विक्री तथा वितरण केन्द्रको व्यवस्था गर्न सकिनेछ।

९. **सीपमूलक तालिमको पाठ्यक्रमः** (१) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् तथा अन्य निकायबाट स्वीकृत पाठ्यक्रमको आधारमा व्यावसायिक तालिम सञ्चालन हुनेछ। बजारको माग अनुसार स्वीकृत पाठ्यक्रमका आधारमा तालिम सञ्चालन गर्न सकिनेछ। सीप परीक्षणका लागि (सम्बन्धित विषय क्षेत्रको तालिम ३९० घण्टा) को तालिम सञ्चालन गर्नुपर्नेछ।

(२) निजी तालिम प्रदायक संस्थाहरुबाट तालिम सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ लगायत प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद- ४

## कार्यक्रम सञ्चालन प्रक्रिया

१०. **सूचना प्रकाशन तथा प्रस्ताव पेश गर्नेः** सामाजिक विकास कार्यालयले राष्ट्रिय पत्रिकामा पन्ध्र दिनको सूचना प्रकाशन गरी अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण कार्यक्रम सञ्चालन गर्न इच्छुक अपाङ्गता भएका व्यक्तिहरुद्वारा सञ्चालित संस्थाहरुसँग प्रस्ताव माग गर्नेछ। उक्त सूचना सम्बन्धित कार्यालयको वेवसाइटमा राखे व्यवस्था गरिनेछ। संस्थाले प्रस्ताव पेश गर्ने ढाँचा अनुसूची- १ बमोजिम हुनेछ।

११. <u>**प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरू:**</u> (१) सङ्घ संस्थाहरुबाट कार्यक्रम सञ्चालन गर्दा देहायका कागजातहरु संलग्न गरी आवेदन दिनु पर्नेछ।

(क) प्रचलित कानून बमोजिम संस्थाको दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,

(ख) संस्थाका सञ्चालकहरूको विवरण/तस्विरहरू,

(ग) संस्थाको अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,

(घ) संस्थाको जनशक्तिको अवस्था र भौतिक पक्षको विवरण

(ङ) संस्थाको विधान र संस्थाको संक्षिप्त प्रोफाइल,

(च) अघिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्र,

(छ) समाज कल्याण परिषद् आबद्धताको प्रमाणपत्र वा स्थानीय तहमा दर्ता भएको हुनु पर्ने

(ज) कार्यक्रमको प्रस्ताव पत्र (व्यक्तिलाई आत्म निर्भर बनाउने कार्यक्रममा समावेश गर्ने)

(झ) संस्थाको अनुभव र गरेका प्रमुख कार्यहरू

(ञ) स्थायी लेखा नम्बर र अन्य आवश्यक कागजातहरु

(ट) जिल्ला समन्वय समितिको सिफारिस सहित कार्यक्षेत्र एकिन गरी पेश गर्नु पर्ने।

(२) चालु आर्थिक वर्षमा मन्त्रालय तथा अन्तर्गतका कार्यालयको वार्षिक कार्यक्रममा बजेट व्यवस्था भइसकेका संस्थाहरूले यस कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्न पाउने छैनन्।

१२. **संस्था छनोट प्रक्रियाः** (१) कार्यक्रम सञ्चालनका गर्नका लागि संस्था छनोटको आधार देहाय अनुसार हुनेछ। प्राप्त आवेदनको अङ्कको आधार अनुसूची- २ मा समावेश गरिएको छ।

| क्र.सं. | आधार | अङ्कभार |
|---|---|---|
| १ | कार्यक्रमको आवश्यकता र औचित्य | १५ |
| २ | कार्यक्रम कार्यान्वयन योजना | २५ |
| ३ | संस्थाको दीगोपना | २५ |
| ४ | अनुभव (संस्थाको स्थापनालाई आधार मानी) | १५ |
| ५ | प्रस्तावित कार्यक्रमको बजेट | २० |
| | जम्मा | १०० |

(२) संस्था छनोट गर्दा यथासम्भव अपाङ्गताका १० वटा क्षेत्रकै प्रतिनिधित्व हुनेगरी छनोट गर्नुपर्ने र सो नभएमा धेरै किसिमका अपाङ्गता भएका व्यक्तिहरूको क्षमता अभिवृद्धि हुनेगरी पेश भएका प्रस्तावहरू छनोट गर्नुपर्नेछ।

१३. **कार्यक्रम सञ्चालन प्रक्रियाः** (१) अपाङ्गता भएका व्यक्तिहरुद्वारा सञ्चालित संस्था मार्फत सामाजिक विकास कार्यालयहरुबाट यो कार्यक्रम सञ्चालन हुनेछ।

(२) कार्यक्रम सञ्चालन हुने स्थानीय तहमा कार्यक्रम सञ्चालनका लागि सम्बन्धित स्थानीय तहको समन्वयमा सञ्चालन गर्नुपर्नेछ।

(३) छनोट भएका संस्थाले अपाङ्गता भएका व्यक्तिहरुको प्रोफाइल तयार गर्नेछ। उक्त प्रोफाइलका आधारमा सामाजिक विकास कार्यालयले आगामी दिनमा अपाङ्गता भएका व्यक्तिहरुको लागि तालिम लगायतका कानूनी, आर्थिक र सामाजिक सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्नेछ।

(४) अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण कार्यक्रम सञ्चालनका लागि विभिन्न संस्थाहरू मार्फत विस्तृत प्रस्ताव माग गरी कार्यक्रम सञ्चालन गर्दा सेवा खरिद सम्बन्धमा प्रचलित खरिद कानून बमोजिम गर्नुपर्नेछ।

१४. **<u>निर्देशक समितिः</u>** (१) अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण कार्यक्रमका लागि आवश्यक नीति, योजना निर्माण एवम् मार्गदर्शन गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -अध्यक्ष

(ख) महाशाखा प्रमुख (कानून), आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ग) महाशाखा प्रमुख, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) महाशाखा प्रमुख, योजना, अनुगमन

तथा शिक्षा विकास महाशाखा, मन्त्रालय-सदस्य

(ङ) स्थानीय तहको अपाङ्गता हेर्ने महाशाखा/शाखा प्रमुख मध्येबाट समितिले मनोनयन गरेको १ जना -सदस्य

(च) अध्यक्ष राष्ट्रिय अपाङ् महासङ्घ बागमती प्रदेश -सदस्य

(छ) महाशाखा प्रमुख सामाजिक विकास महाशाखा -सदस्य सचिव

(२) बैठकमा सम्बन्धित विषयको विज्ञ व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ।

**१५. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) नीति तथा योजना तर्जुमा गर्ने/ सिफारिस गर्ने

(ख) यस कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि कार्यक्रमको मोडालिटी तय गर्ने।

(ग) सीपमूलक तालिम सञ्चालनका लागि प्राविधिक शिक्षा एवम् व्यवासायिक तालिम परिषद् मातहतका शिक्षालयहरू वा तालिम प्रदायक संस्था र अन्य कार्यक्रम कार्यान्वयनमा संलग्न संस्थाहरूको सहकार्यमा तालिम सञ्चालन गर्न सहजीकरण गर्ने।

(घ) सशक्तीकरण कार्यक्रमको प्रभावकारीता अध्ययन गरी आवश्यकता अनुसार परिमार्जन गर्न सिफारिस गर्ने।

(ङ) उत्पादित सामग्रीको गुणस्तर निर्धारण, लेबलिङ्ग, ब्रान्डिङ्ग गर्दै स्थानीय तहले खरिद गर्ने वा फेयर ट्रेडसँग सम्बद्ध संस्थाहरूसँग समन्वय गरी विक्री एवम् उत्पादनको मूल्य प्राप्तिमा आवश्यक सहजीकरण गर्ने।

(च) नियमित अनुगमन तथा मूल्याङ्न गरी कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने।

(२) समितिको बैठक भत्ता सम्बन्धी व्यवस्था प्रदेश सरकारद्वारा स्वीकृत खर्च मापदण्ड अनुसार हुनेछ।

(३) बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**१६.** **<u>कार्यक्रम कार्यान्वयन समितिः</u>** (१) अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण कार्यक्रम अन्तर्गत सञ्चालन हुने सीपमूलक तालिमको कार्यक्रम कार्यान्वयन गर्न देहाय बमोजिमको समिति रहनेछः-

(क) प्रमुख, सामाजिक विकास कार्यालय -अध्यक्ष

(ख) अपाङ्गता भएका व्यक्तिद्वारा सञ्चालित संस्थाको प्रतिनिधि (सामाजिक

कार्यालय प्रमुखद्वारा मनोनित) -सदस्य

(ग) अधिकृत, सामाजिक विकास कार्यालय -सदस्य सचिव

(२) समितिको बैठकमा सम्बन्धित विषयको विज्ञ व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ।

(३) बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१७. **कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) कार्यक्रम सञ्चालनका लागि संस्था छनोट गरी कार्यालयमा सिफारिस गर्ने,

(ख) स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने,

(ग) सङ्घ संस्थासँग समन्वय र सहजीकरण गर्ने,

(घ) अनुगमन तथा पृष्ठपोषण गर्ने,

(ङ) उत्पादित सामग्रीको गुणस्तर निर्धारण, लेबलिङ्ग, ब्रान्डिङ्ग गर्दै स्थानीय तहले खरिद गर्ने वा फेयर ट्रेडसँग सम्बद्ध संस्थाहरूसँग समन्वय गरी विक्री एवम् उत्पादनको मूल्य प्राप्तिमा आवश्यक सहजीकरण गर्ने।

(२) समितिको बैठक भत्ता सम्बन्धी व्यवस्था प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ अनुसार हुनेछ।

(३) बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद- ५

## सम्झौता तथा खर्चको मापदण्ड

१८. **सम्झौताः** (१) छनोट भएका संस्थालाई संस्थाले कूल खर्चको न्यूनतम दश प्रतिशत खर्च व्यहोर्ने गरी सामाजिक विकास कार्यालयले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको परिधिभित्र रही सम्झौता गर्नुपर्नेछ।

(२) सम्झौताका सर्तहरू कार्यविधिका व्यवस्थाहरू तथा प्रचलित कानून बमोजिम हुने गरी सामाजिक विकास कार्यालयले निर्धारण गर्न सक्नेछ।

१९. **भुक्तानी प्रकृयाः** (१) सामाजिक विकास कार्यालयले सम्झौता भए पश्चात प्रथम किस्ता वापत अनुदानको तीस प्रतिशत र कार्यक्रम सम्पन्न भए पश्चात विल, भरपाई, स्थानीय तहको सिफारिस, फोटो, प्रतिवेदन सहितको कागजातका आधारमा बाँकी भूक्तानी उपलब्ध गराउनेछ।

(२) सामाजिक विकास कार्यालयले जम्मा खर्चको बढीमा नब्बे प्रतिशत उपलब्ध गराउनेछ। सम्झौता बमोजिमको कार्यक्रम नगरेमा उपलब्ध गराइएको अनुदान रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ र अन्य अनुदान कार्यक्रममा समावेश गराइने छैन।

## परिच्छेद- ६

## सम्बद्ध निकायहरूको भूमिका

२०. **मन्त्रालयको भूमिका:** कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछः-

(क) आवश्यक नीति, कार्यविधि र मापदण्ड तर्जुमा गर्ने,

(ख) कार्यक्रम सञ्चालनको क्रममा अपाङ्गता भएका व्यक्तिहरु कार्यक्रम, उद्योग बाणिज्य सङ्घ र राष्ट्रिय/अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूको सहयोगमा सञ्चालन हुने कार्यक्रमको स्रोतमा दोहोरोपना हुन नदिई एकीकृत रूपमा सञ्चालन गर्ने आवश्यक व्यवस्था मिलाउने,

(ग) कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गर्ने,

(घ) कार्यक्रमको प्रभावकारिताका लागि नेपाल सरकार, प्रदेश सरकार र सम्बन्धित स्थानीय तहसँग आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ङ) गैर सरकारी संस्थाहरूसँग सहकार्य र समन्वय गर्ने,

(च) कार्यक्रमको नतिजामुखी अनुगमन, मूल्याङ्कन र प्रभावकारिता अध्ययन सम्बन्धी कार्य गर्ने, गराउने।

(छ) कार्यक्रमको प्रभावकारिता अभिवृद्धिका लागि आवश्यक कार्य गर्ने,

(ज) कार्यक्रमको निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्ने, सम्बन्धित सरोकारवालाले उत्तरदायित्व वहन गर्ने र कार्यक्रमका सिकाई एवम् असल अभ्यासहरू आदान प्रदान गर्ने,

(झ) सीप परीक्षणको व्यवस्थाका लागि आवश्यक सहजीकरण गर्ने,

(ञ) कार्यक्रमको एकीकृत प्रतिवेदन तयार गर्ने।

२१. **स्थानीय तहको भूमिकाः** कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछः-

(क) सशक्तीकरण कार्यक्रमका लागि अपाङ्गता भएका व्यक्तिहरु छनोट गरी सम्बन्धित संस्थालाई सिफारिस गर्ने,

(ख) प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भएको अपाङ्गता सम्बन्धी कार्यक्रमसँग दोहोरो नपर्ने गरि सञ्चालन गर्न सहजीकरण गर्ने, उपयुक्त सान्दर्भिक व्यवसाय र पेशाहरूको पहिचान गरी सिफारिस गर्ने,

(ग) स्थानीय उद्योग वाणिज्य महासङ्घ लगायत व्यवसायिक सङ्घ संस्थाहरूसँग बजार

व्यवस्थापनका विषयमा आवश्यक समन्वय र सहजीकरण गर्ने,

(घ) स्थानीय तहमा कार्यरत राष्ट्रिय तथा अन्तरष्ट्रिय गैरसरकारी सङ्घ संस्थाहरूसँग समन्वय गरी अन्य थप कार्यक्रम विस्तार गर्ने,

(ङ) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक स्रोतको लागत साझेदारीको व्यवस्था गर्ने,

(च) कार्यक्रम कार्यान्वयनको अनुगमन गरी मूल्याङ्कन गर्ने।

२२. **<u>सामाजिक विकास कार्यालयको भूमिकाः</u>** समाजिक विकास कार्यलायको भूमिका देहायबमोजिम हुनेछः-

(क) आफ्नो सेवा क्षेत्र भित्र बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिहरुको स्थानीय तहसँगको सहकार्यमा प्रोफाइल विकास गर्ने,

(ख) अपाङ्गता भएका व्यक्तिहरुद्वारा सञ्चालित संस्थाहरुसँगको सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गर्दा कम्तिमा दश प्रतिशत साझेदारी सुनिश्चतता गरी सञ्चालनको व्यवस्था गर्ने,

(ग) अपाङ्गता भएका व्यक्तिहरुको आवश्यकता पहिचान गरी कार्यक्रम तर्जुमा गर्ने गराउने,

(घ) संस्थाहरुबाट कार्य सञ्चालन गर्दा विनियोजित बजेटको आधारमा कम्तिमा रु ५ लाख देखि ७

लाख सम्मको कार्यक्रम स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गर्ने,

(ङ) अपाङ्गता भएका व्यक्तिहरु तथा उनीहरुका छोराछोरीको लागि उच्च तथा प्राविधिक शिक्षा अध्ययनका लागि बढीमा रु ५० हजारसम्म छात्रवृत्ति (दोहोरो छात्रवृत्ति नलिएको प्रतिबद्धता पत्र लिएर) प्रदान गर्न आवश्यक प्रवन्ध गर्ने,

(च) अपाङ्गता क्षेत्रमा कार्यरत विभिन्न सङ्घसंस्थाहरुसँग समन्वय र सहकार्य गर्ने,

(छ) अपाङ्गता क्षेत्रको अध्ययन अनुसन्धान गर्ने, गराउने,

(ज) अपाङ्गता भएका व्याक्तीहरुको सशक्तीकरणका लागि संस्था छनोट गर्ने,

(झ) छनोट भएको संस्थासँग सम्झौता गर्ने र कार्यान्वयन गर्ने, गराउने,

(ञ) कार्यक्रमको अभिलेखीकरण, अनुगमन तथा प्रतिवेदन तयार गर्ने,

(ट) अध्ययन, अनुसन्धान र छात्रवृत्ति सम्बन्धी कार्यका लागि कार्यालयमा विनियोजित बजेटबाट दश प्रतिशत छुट्याई व्यवस्थापन गर्ने।

## परिच्छेद- ७

## अनुगमन र प्रतिवेदन

२३. **अनुगमन तथा मूल्याङ्कनः** (१) अपाङ्गता भएका व्यात्तीहरुको सशक्तीकरण कार्यक्रमको मन्त्रालय, शिक्षा विकास निर्देशनालय, सामाजिक विकास कार्यालय र सम्बन्धित स्थानीय तहबाट समन्वय, नियमित अनुगमन, सुपरीवेक्षण तथा पृष्ठपोषण हुनेछ।

(२) सामाजिक विकास कार्यालयले नियमित अनुगमन गरी प्रतिवेदन मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ।

(३) कार्यक्रम सञ्चालन गर्ने संस्थाले कार्यक्रम कार्यान्वयनका सम्बन्धमा त्रैमासिक रूपमा सामाजिक विकास कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ। कार्यक्रम सम्पन्न पश्चात अन्तिम प्रतिवेदन पेश गर्नुपर्नेछ।

(४) सम्बन्धित सरोकारवालाले उत्तरदायित्व वहन गर्ने र कार्यक्रमका सिकाइ एवम् असल अभ्यासहरू आदान प्रदान गर्ने व्यवस्था गरिनेछ।

## परिच्छेद- ८

## विविध

२४. **उत्पादनको बजारीकरणः** (१) अपाङ्गता भएका व्यक्तिहरुद्वारा उत्पादित सामग्रीहरूको खरिद तथा बिक्रिका लागि कार्यक्रम सञ्चालन भएको स्थानीय तह र कार्यक्रम सञ्चालन गर्ने

संस्थासँगको सहकार्यमा खरिद तथा बिक्रिको लागि व्यवस्था गर्न सहजीकरण गरिनेछ।

(२) उत्पादित सामग्रीहरूको प्रचार प्रसार गर्ने व्यवस्था गरिनेछ।

२५. **<u>तथ्याङ्क अद्यावधिक सम्बन्धमाः</u>** अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण कार्यक्रममा सहभागी भइ तालिम पूरा गरेका सम्पूर्ण सहभागीको तथ्याङ्कको अभिलेखीकरणका लागि उपयुक्त प्रणालीको विकास गरी अद्यावधिक गर्ने व्यवस्था मन्त्रालय वा सामाजिक विकास कार्यालयले गर्नेछ।

२६. **<u>कार्यक्रमबाट खर्च हुनेः</u>** तालिम सञ्चालनका लागि खर्चका आधारहरू अनुसूची- ३ बमोजिम हुनेछ।

२७. **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस कार्यविधिमा अन्यत्र जसनसुकै कुरा लेखिएको भए तापनि कार्यक्रमसँग सम्बन्धित विभिन्न कार्यहरू गर्दा र रकम भुक्तानी एवम् फरफारक तथा लेखा परीक्षण गर्दा सार्वजनिक खरिद ऐन, २०६३, खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम गर्नुपर्नेछ।

२८. **<u>कार्यविधि संशोधन तथा परिमार्जनः</u>** यस कार्यविधिमा उल्लेख भएका कुनै विषयमा संशोधन तथा परिमार्जन गर्नु पर्ने भएमा आर्थिक दायित्व आवश्यक पर्ने सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयको समेत सहमति लिई मन्त्रालयले संशोधन गर्न सक्नेछ।

## अनुसूची- १

(दफा १० सँग सम्बन्धित)

## अनुदान कार्यक्रम प्रस्तावपत्र

मितिः

श्रीमान् कार्यालय प्रमुख ज्यू,
सामाजिक विकास कार्यालय,
..............................।

विषयः प्रस्तावपत्र पेश गरिएको बारे।

प्रस्तुत विषयमा त्यस मन्त्रालयबाट मिति........................................मा प्रकाशित सूचना अनुसार "**अपाङ्गता भएका व्यक्तिहरूको लागि सशक्तीकरण कार्यक्रम**" का लागि तहाँबाट माग भएबमोजिम संलग्न अनुसूची-१ बमोजिमको प्रस्तावपत्र फारम भरी तपसिलबमोजिमका कागजातहरूसहित यो प्रस्ताव पेश गरेका छौं

तपसिलः

१. प्रस्तावपत्र (अनुसूची- १) ☐
२. संस्था दर्ता तथा नवीकरणको प्रमाणपत्रको प्रतिलिपि ☐
३. अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन प्रतिलिपि ☐
४. संस्थाको विधान र संस्थाको संक्षिप्त प्रोफाइल, ☐
५. संचालक समितिले अनुदान माग गरेको निर्णयको प्रतिलिपि ☐
६. चालू आ.व. मा अन्य सरकारी निकायबाट अनुदान स्वीकृत नभएको व्यहोरासहितको सम्बन्धित स्थानीय तहको सिफारिस ☐
७. अन्य निकायबाट व्यहोरिने श्रोतको हकमा श्रोतको सुनिश्चितता सम्बन्धी प्रमाण ☐

८. स्थायी लेखा नं. दर्ता र कर चुक्ताको प्रमाणपत्र ☐

९. समाज कल्याण परिषद्मा आबद्धता प्रमाणपत्र ☐

यस निवेदन तथा प्रस्तावपत्रमा उल्लेखित व्यहोराहरू र पेश गरेका कागजातहरू सबै साँचो हो। यस प्रस्तावपत्रबमोजिम गरेको प्रस्तावित कार्यक्रमका लागि श्रोतमा दोहोरोपना नपर्ने गरी मात्र साझेदारी गरिनेछ। झूठा ठहर भएमा वा फरक परेमा कानूनबमोजिम सहुँला बुझाउला।

प्रस्तावपत्र पेश गर्नेकोः

हस्ताक्षरः

संस्थाको छापः

नाम, थरः

पदः

संस्थाको नामः

१. संस्था सम्बन्धी जानकारी

१.१ परिचय/ पृष्ठभूमि (बढीमा १०० शब्दमा):

१.२ संस्थाको उद्देश्य (३ देखि ५ वटा बुँदा):

१.३ संस्थाको विवरण

| | | | |
|---|---|---|---|
| संस्थाको पुरा नाम | (नेपालीमा): | | |
| | (अङ्ग्रेजीमा) | | |
| संस्थाको ठेगानाः | जिल्लाः | गा.पा./न.पा | वडा नं. |
| संस्थाको इमेल ठेगाना : | | PAN नं.: | |
| संस्था स्थापना मितिः | | | |
| संस्था दर्ता नं. | | दर्ता मिति | जिल्लाः |
| दर्ता भएको निकायः | | पछिल्लो नबिकरण मितिः | |
| समाजकल्याण परिषद् आवद्धता. नं | | मिति | |

| संस्थाको पदाधिकारीः | | | |
|---|---|---|---|
| **पद** | **नाम** | **ठेगाना** | **मोबाइल नं.** |
| अध्यक्ष | | | |
| उपाध्यक्ष | | | |
| सचिव | | | |
| सहसचिव/उपसचिव | | | |
| कोषाध्यक्ष | | | |
| सदस्य | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

| भौतिक पूर्वाधारको विवरण (√ चिन्ह लगाउने) | | | |
|---|---|---|---|
| संस्थाको आफ्नै स्वामित्त्वको जग्गा | जग्गाधनी पुर्जा वा कर तिरेको प्रमाण खुल्ने रसिदको प्रतिलिपी समावेश गर्ने | आफ्नै स्वामित्त्वको भवन | घर निर्माण सम्पन्न प्रमाणपत्र वा कर तिरेको प्रमाण खुल्ने रसिदको प्रतिलिपी समावेश गर्ने |

| | | | | |
|---|---|---|---|---|
| कार्यालय भाडामा लिएको भएमाः | घर स्वामित्त्ववालाको नामः | | | |
| | सम्झौता भएको | घरधनीको नागरिकता सहितको सम्झौता पत्रको प्रतिलिपी समावेश गर्ने | कति वर्षको सम्झौता हो उल्लेख गर्नेः | |
| | सम्झौता नभएको | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| टेलिफोन | | कम्प्युटर | | इन्टरनेट | | फर्निचर | |

**जनशक्तिको विवरणः**

| क्र.सं. | कर्मचारीको नाम | पद | तलवी/बेतलवी | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

२. प्रस्तावित कार्यक्रम सम्बन्धी जानकारी

२.१ कार्यक्रमको नामः

२.२ कूल अनुमानित लागतः

२.३ कार्यक्रममा मन्त्रालयबाहेक साझेदार गर्ने निकाय र साझेदारीको हिस्साः

| क्र.सं | कार्यक्रममा साझेदार गर्ने निकाय | साझेदारी रकम | साझेदारी हिस्सा (%) |
|---|---|---|---|
| | संस्था स्वयं........................................................ | | |
| | | | |
| | | | |
| | | | |

२.४ सञ्चालन गरिने मुख्य क्रियाकलापः

| क्र.सं. | क्रियाकलाप (खर्च शीर्षकगत) | इकाई | परिमाण | लागत रु. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

२.५ कार्यक्रम सञ्चालन अवधि :

२.६ कार्यक्रमको अपेक्षित उपलव्धी (संख्यात्मक र गुणात्मक दुवै) (बढीमा ५ वटा बुँदा)

(क)संख्यात्मक उपलब्धीः

(ख)गुणात्मक उपलब्धी

२.७. कार्यक्रमको लक्षित समूह/वर्गः

२.८ कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित जनसङ्ख्याः

२.९ कार्यक्रम सञ्चालनको विधिः

२.१० कार्यक्रम खर्च र सो को लेखा राख्ने विधिः

२.११ कार्यक्रम कार्यान्वयन योजनाः

| क्र.सं. | क्रियाकलाप | समयावधि | | स्थान | सहभागी संख्या |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

२.१२ यस भन्दा अघी सामाजिक विकास मन्त्रालयबाट अनुदान प्राप्तः

गरेको ☐ नगरेको ☐

गरेको भएमाः

| अनुदान प्राप्त गरेको आ.व. | अनुदान कार्यक्रमको नाम | खर्च रकम | प्रगति विवरण |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

३. अनुगमन तथा निरीक्षण योजनाः

३.१ अनुगमनको प्रक्रिया(Process):

३.२ अनुगमन गर्ने संयन्त्र (Mechanism):

३.३ अनुगमन सूचक (Indicators):

३.४ अनुगमन समिति गठनः भएको ☐ नभएको ☐

गठन भएको भएमा समितिको संरचना उल्लेख गर्नेः

४. माथि उल्लेखित विवरण सबै ठीक छन् र उल्लेखित विवरण झूठा ठहरिएमा प्रचलित कानूनबमोजिम सहुँला बुझाउँला। (प्रत्येक पृष्ठमा हस्ताक्षर गरी संस्थाको छाप लगाउने)

..............................................

आवेदकको नाम थरः

पदः

संस्थाको नामः

आवेदकको दस्तखतः

संस्थाको आधिकारिक छापः

| दाँया | बाँया |
|---|---|
| | |

## अनुसूची- २

(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

**संस्थाको मुल्याङ्कन तथा छनोट देहाय बमोजिमका आधार**

| क्र.सं. | सूचक | अङ्क भार | कैफियत |
|---|---|---|---|
| १ | **कार्यक्रमको आवश्कयता र औचित्य** | १५ | |
| १.१ | स्वीकृत अनुदान कार्यक्रमको लक्ष्य बमोजिम कायर्क्रम प्रस्ताव भएको ५ | | |
| १.२ | कार्यक्रमको अपेक्षित प्रतिफल १० | | |
| २ | **कार्यक्रम कार्यान्वयन योजना** | २५ | |
| २.१ | समयबद्ध कार्ययोजना भएको ९ | | |
| २.२ | बजेट खर्च योजना भएको ७ | | |
| २.३ | अनुगमन तथा निरीक्षण योजना भएको ९ | | |
| ३ | **संस्थाको दिगोपना** | १५ | |
| ३.१ | **भौतिक संरचना** | | |
| क | संस्थाको आफ्नै स्वामित्वमा जग्गा तथा भवन भएको १५ | | जग्गाधनी पुर्जा र घर निर्माण सम्पन्न प्रमाणपत्र वा कर तिरेको प्रमाण खुल्ने रसिदको प्रतिलिपी समावेश गर्ने |
| ख | संस्थाको जग्गा मात्र प्राप्त भएको १२ | | जग्गाधनी पुर्जा वा कर तिरेको प्रमाण खुल्ने रसिदको प्रतिलिपी समावेश गर्ने |

| | | | |
|---|---|---|---|
| ग | भाडाको भवनमा कम्तिमा दुई वर्षको सम्झौता भएको ८ | | घरधनीको नागरिकता सहितको सम्झौतापत्रको प्रतिलिपी समावेश भएको हुनुपर्ने |
| ३.२ | **जनशक्ति** | १० | |
| क | संस्थाको आन्तरिक जनशक्ति १० जना भन्दा बढी भएको १० | | |
| ख | संस्थाको आन्तरिक जनशक्ति ५ जनाभन्दा बढी १० जनासम्म भएको ८ | | |
| ग | संस्थाको आन्तरिक जनशक्ति ५ जना सम्म भएको ५ | | |
| ४ | **अनुभव (संस्थाको स्थापनालाई आधार मानी)** | **१५** | |
| ४.१ | १० वर्ष भन्दा माथि १५ | | |
| ४.१ | ५ वर्ष भन्दा माथी १० वर्ष सम्मसम्म१२ | | |
| ४.१ | २ वर्ष देखि ५ वर्ष सम्म ८ | | |
| **५** | **प्रस्तावित कार्यक्रमको बजेट** | २० | |
| ५.१ | **संस्थाको आन्तरिक श्रोत साधन परिचालनको अंश** | **१२** | |
| क | प्रस्तावित कार्यक्रममा आफ्नै स्रोतको अंश २० प्रतिशत भन्दा बढी भएमा १२ | | |
| ख | प्रस्तावित कार्यक्रममा आफ्नै स्रोतको अंश १० प्रतिशत भन्दा बढी २० प्रतिशत सम्म भएमा ८ | | |

| | | | |
|---|---|---|---|
| ग | प्रस्तावित कार्यक्रममा आफ्नै स्रोतको अंश १० प्रतिशत सम्म भएमा ५ | | |
| ५.२ | **अन्य निकायहरुसँगको स्रोत साझेदारी** | ८ | |
| क | औचित्य स्पष्ट हुने र दोहोरो नपर्ने गरी साझेदारी भएको ८ | | |

पुनश्चः उपरोक्त सूचक बमोजिम मूल्याङ्कन गर्दा पूर्णतः तथ्यमा मात्र आधारित नभइ सम्बन्धित संस्थाहरूले पेश गरेको प्रस्तावपत्रमा उल्लेखित परियोजना/कार्यक्रमको सम्भाव्यता, प्रभावकरीता, औचित्यता, उपयोगिता, आवश्यकता तथा सम्बन्धित संस्थाको कार्यक्षमता र विश्वसनियतालाई समेत मध्यनजर राखी छनोट गर्दा अङ्क प्रदान गर्नुपर्नेछ।

## अनुसूची- ३

(दफा २६ सँग सम्बन्धित)

## कार्यक्रम सञ्चालनका लागि खर्च गर्ने आधारहरू

**अपाङ्गता भएका व्यक्तिहरुको लागि सशक्तीकरण कार्यक्रम**

- बैठक भत्ता, कार्याशाला गोष्ठी र अभिमुखीकरणको लागि स्टेशनरी, खाजा खर्च र प्रशिक्षण लगायतको खर्च प्रदेश सरकारको स्वीकृत मापदण्ड अनुसार
- बिँउ पुँजी/प्रविधि हस्तान्तरण
- व्यवसायबाट उत्पादन तथा बिक्रीको व्यवस्थापन
- निर्देशक, कार्यक्रम कार्यान्वयन र अनुगमन समितिको प्रदेश सरकारको स्वीकृत मापदण्ड अनुसार
- सिप परिक्षणको लागतः राष्ट्रिय सिप परीक्षण समितिको स्वीकृत मापदण्ड अनुसार
- अन्यः प्रदेश सरकार र नेपाल सरकारको स्वीकृत मापदण्ड बमोजिम हुने
- वस्तु, सेवा र परामर्श खरिद प्रचलित खरिद ऐन २०६३ तथा नियमावली २०६४ र प्रदेश खरिद नियमावली बमोजिम हुने।

**आज्ञाले,**
**बद्रीनाथ गैह्रे**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रू.१५।-